**डेनभर पब्लिक स्कूल्स सुरक्षा र बचाऊ बिभागको अभिभावकका लागि सुरक्षा सुझाव**

- बच्चाहरूलाई साथी समूह (बडि सिस्टम) प्रयोग गर्न सिकाउनुहोस्  । समूहमा हुँदा बच्चाहरू बढी सुरक्षित हुन्छन् । विद्यालय समय अघि र पछि विद्यालय मैदान र छरछिमेकमा समूह खेल धेरै राम्रो हुन्छ ।

- आफ्ना बच्चाहरू सधैं कहाँ हुन्छन् थाहा पाइराख्नुहोस् । उनीहरूलाई विद्यालय पछि सोझै घर आउन सिकाउनुहोस् । साथीहरूकहाँ जाँदा वा खेल्दा, बच्चाहरूले अभिभावकले स्वीकृत गरेको तालिका नै मान्नुपर्छ । बस वा आरटिडि प्रयोग गर्ने विद्यार्थीहरूले सधैं आफ्नो बस बिसौनीमा उत्रिनु पर्छ ।

- नचिनेका मानिसहरूसँगको सुरक्षा उपायका लागि बच्चाहरूसँग भूमिका अभिनय गर्नुहोस् । नचिनेका मानिस नजिक आएमा धेरै कदम पछाडि सर्न सिकाउनुहोस्; उसको हातको पहुँचबाट टाढा बस्न र सुरक्षित क्षेत्रतिर भाग्न पनि सिकाउनुहोस् ।

- बच्चाहरूलाई डर देखाउनुभन्दा सुरक्षा सम्बन्धी शिक्षा दिनु उपयुक्त हुन्छ । उदाहरणका लागि नचिनेका मानिसहरूसँग कुनै चासो नदेखाउने कुरा सिकाउनुलाई बाटो काट्दा दुवैतिर हेर्नु र सलाइसँग नखेल्नु जत्तिकै महत्वपूर्ण मान्नुपर्छ ।

- बच्चाहरूसँग राम्रो सञ्चार स्थापित गर्नुहोस् जसले गर्दा उनीहरूले असाधारण केही घटेमा तुरुन्तै तपाईंलाई सूचीत गरून् ।

- बच्चाहरूले अभिभावकको पूरा नाम, ठेगानाहरू, फोन नम्बरहरू र नियुक्तिको ठाउँ कण्ठ गरेको निश्चित हुनुहोस् ।

- नचिनेका कारहरू छरछिमेकमा बारम्बार आइरहेको कुरा याद गर्नुहोस् र तिनीहरूको लाइसेन्स प्लेट नम्बर टिप्नुहोस् ।

- बच्चाहरूको लुगाको बाहिरी भागमा उसको नाम नराख्नुहोस् । यस अभ्यासले गर्दा नचिनेको व्यक्तिलाई सामान्य रूपबाट बच्चाको नाम बोलाउन अप्ठ्यारो पर्छ ।

- तपाईंको बच्चाको निकट आयो भने “म तपाईंको बच्चा होइन” वा “तपाईं मेरो आमा/बाबु होइन” भनी चिच्याउन सिकाउनुहोस् । धेरैजसो बच्चाहरू चिच्याउन बिर्सिन्छन् ।

- घरमा गृह-नियम बनाएर त्यसको पालना गर्नुहोस् । खेल्ने समय र छरछिमेकका घरहरूतिर जाने समयको नियम कडाइका साथ पालना गर्नुहोस् ।

- बच्चाहरूले पुलिस र अग्नि-नियन्त्रक जस्ता सुरक्षित व्यक्तिहरू चिन्न सिकेको कुरा सुनिश्चित गर्नुहोस् ।

- आपद परेर भाग्नु परे सुरक्षित घर वा बिल्डिङहरू कहाँ छन् भनी आफ्ना बच्चाहरूलाई सिकाउनुहोस् । तपाईं घरमा नभएका बेला कुन छिमेकीले सहायता गर्न सक्छन् पहिचान गर्नुहोस् । आकस्मिक स्थितिमा बच्चाहरूलाई सबभन्दा नजिकको घरमा सहयोगका लागि दौडन सुझाव दिनुहोस् । बच्चाहरूलाई साँघुरा गल्ली, खाली जग्गा, घर र ग्यारेजहरूतिर नजान सिकाउनुहोस् ।

- बच्चाहरूलाई हामीले नजानेका व्यक्तिहरू “नचिनेका व्यक्ति” हुन् भनेर सिकाउनुहोस् । हेलमेलका लागि मापदण्डमा राम्ररी नाम जानेको, छेउछाउतिरै बस्ने वा जसलाई परिवारका अन्य सदस्यले चिनेको हुनुपर्ने कुरा सामेल हुनुपर्छ ।

- अभिभावकका रूपमा विद्यालय, छिमेकका केन्द्रहरू, र कानुन कार्यान्वयन एजेन्सीहरूसँग सम्पर्कमा रहनुहोस् । बच्चा पहिचान कार्यक्रम र सुरक्षा सचेतना कार्यक्रमबारे अद्यावधिक रहनुहोस् ।

- आफ्ना शरीरका केही भागहरू कसैले छुन पाउँदैनन् भन्ने कुरा बच्चाहरूलाई सिकाउनुहोस् र कसैले त्यस्तो अनुपयुक्त हरकत गरेमा तुरुन्तै सूचीत गर्नपर्ने कुरा भन्नुहोस् । यो धारणालाई अभिभावकहरूले नियमित रूपमा पुनर्बल दिइरहनुपर्छ ।

- अभिभावकहरू र बच्चाहरूले पासवर्ड स्थापित गर्नुपर्छ जसको ज्ञान परिवारका नजिकका सदस्यलाई मात्र हुनुपर्छ । अपरिचित व्यक्तिहरूसँग पासवर्ड प्रयोग नगरीकन कतै नजान बच्चाहरूलाई सिकाउनु पर्छ ।

- जुनसुकै समय र जुनसुकै ठाउँमा कुनै घटना भए अभिभावकहरूले सोको सूचना विद्यालय र पुलिसलाई दिनुपर्दछ ।

- विद्यालय समय अघि र पछिका सुपरिवेक्षण समयको जानकारी राख्नुहोस्, र बच्चाहरूलाई विद्यालय समयभन्दा धेरै छिटो नपठाउनुहोस् वा विद्यालय समय पछि बरालिन छूट नदिनुहोस्।

अतिरिक्त सुरक्षा सल्लाहका लागि www.ncpc.org हेर्नुहोस्।

अभिभावकहरूले प्रश्नहरू र चासोहरूका लागि आफ्ना निर्धारित क्षेत्रका डेनभर पुलिस विभाग प्राङ्गणमा सम्पर्क राख्नु पर्दछ।

| | |
|---|---|
| डिस्ट्रिक्ट १ **उत्तरपश्चिम डेनभर** ३०३–९६४–११११ | ३०३–९६४–११११ निशुल्क |
| डिस्ट्रिक्ट २ **पूर्व डेनभर** ३०३–३११–४०७० | ३०३–३११–४०७० निशुल्क |
| डिस्ट्रिक्ट ३ **दक्षिणपूर्व डेनभर** ३०३–६९८–३३३३ | ३०३–६९८–३३३३ निशुल्क |
| डिस्ट्रिक्ट ४ **दक्षिणपश्चिम डेनभर** ३०३–९३७–४४४४ | ३०३–९३७–४४४४ निशुल्क |
| डिस्ट्रिक्ट ५ **उत्तरपूर्व डेनभर** ३०३–३७६–२३०० | ३०३–३७६–२३०० निशुल्क |
| डिस्ट्रिक्ट ६ **केन्द्रीय डेनभर** ३०३–८३९–२१०० | ३०३–८३९–२१०० निशुल्क |
| अथवा डेनभर सामुदायिक विद्यालय सुरक्षा र बचाऊ विभागलाई ७२०–४२३–३९११ | ७२०–४२३–३९११ निशुल्क |